# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, वैशाख ५ गते २०६२ साल (अतिरिक्ताङ्क ३


## भाग २

श्री ५ को सरकार

**कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय**

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०६२ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस अध्यादेशको नाम "नेपाल खानेपानी संस्थान (तेश्रो संशोधन) अध्यादेश, २०६२" रहेको छ ।

१.२ यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २ मा संशोधन** : नेपाल खानेपानी संस्थान ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१.३क पछि देहायको उपदफा २.१.३ख थपिएको छ :-

"२.१.३ख "सेवा प्रणाली" भन्नाले खानेपानी सेवा उपलब्ध गराउनको लागि निर्माण गरिएको जलाशय, त्यस्तो जलाशयमा जडान भएको पानी प्रशोधन वा शुद्धिकरण प्लाण्ट, पानी आपूर्ति गर्न जडान भएको पाइप वा फोहर पानी शुद्धिकरण गर्ने प्लाण्ट, ढल निकासको व्यवस्था गर्नको लागि निर्माण गरिएको ढल निकास प्रणाली, उपकरण वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवा वा ढल निकास सेवासँग आवद्ध भएको घर वा जग्गा समेतलाई जनाउँछ ।"

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को उपदफा ३.१ मा रहेका "नेपाल अधिराज्यको विभिन्न नगरपालिका तथा" भन्ने शब्दहरु झिकिएका छन् र "स्थापना गरिएको छ" भन्ने शब्दहरुको सट्टा "स्थापना गरेकोछ " भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल ऐनको दफा ५क. मा संशोधन:** मूल ऐनको दफा ५क. को उपदफा ५क१ को सट्टा देहायको उपदफा ५क१ राखिएको छ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५क१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थानले यस ऐन बमोजिम सञ्चालन र व्यवस्थापन गरिरहेको सेवा प्रणाली प्रचलित कानून बमोजिम स्थापित संस्थालाई करारमा दिई सञ्चालन गर्न गराउन चाहेमा संस्थानले श्री ५ को सरकारको पूर्व स्वीकृति लिई संस्थानको स्वामित्व रहेको सेवा प्रणाली तथा सो सँग सम्बन्धित संरचना, उपकरण तथा सो सँग सम्बन्धित अन्य सम्पत्ति करारमा दिन सक्नेछ।"

५. **मूल ऐनको दफा ५ख. मा संशोधनः** मूल ऐनको दफा ५ख. को सट्टा देहायको दफा ५ख. राखिएको छ :-

"५ख. सेवा प्रणाली हस्तान्तरण गर्न सकिने :

५ख१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले यस ऐन बमोजिम संस्थानले सञ्चालन तथा व्यवस्थापन गरिरहेको कुनै क्षेत्रको सेवा प्रणालीलाई अन्य कुनै संस्थामा हस्तान्तरण गराई खानेपानी तथा ढल निकासको समुचित व्यवस्था गर्न उचित र आवश्यक देखेमा त्यस्तो क्षेत्रको सेवा प्रणालीको स्वामित्व अन्य कुनै संस्थामा हस्तान्तरण गर्न वा गराउन सक्नेछ।

५ख२ उपदफा ५ख१ बमोजिम सेवा प्रणाली हस्तान्तरण गर्दा गराउँदा श्री ५ को सरकारले त्यसरी स्वामित्व हस्तान्तरण गरिएको सेवा प्रणाली र सो सँग सम्बन्धित सम्पत्तिको तोकिए बमोजिम मूल्याङ्कन गरी त्यस्तो सेवा प्रणालीको मूल्य बराबरको दायित्व समेत त्यस्तो संस्थामा सारी दिन सक्नेछ।

५ख३ उपदफा ५ख१ बमोजिम सेवा प्रणालीको हस्तान्तरण भएमा सम्बन्धित क्षेत्रमा खानेपानी उपलब्ध गराउने तथा ढल निकास सम्बन्धी काम, सेवा प्रणालीको मर्मत संभार, संरक्षण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी त्यसरी स्वामित्व हस्तान्तरण गरिलिने संस्थाको हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२

६. **मूल ऐनमा दफा ५घ. थप:** मूल ऐनको दफा ५ग. पछि देहायको दफा ५घ. थपिएको छ :-

"५घ. **कर्मचारी सम्बन्धी विशेष व्यवस्था :**

५घ१ दफा ५क. बमोजिम करार भएकोमा त्यसरी करार हुँदाका बखत संस्थानमा कार्यरत कर्मचारीलाई करारमा उल्लिखित अवधिभरका लागि करारमा सेवा प्रणाली लिने संस्थाबाट पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने गरी संस्थानले काजमा खटाउन सक्नेछ ।

तर करारमा सेवा प्रणाली लिने संस्थाले करार बमोजिम लिएको सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारी लिन नचाहेमा वा त्यस्ता कर्मचारीले सम्बन्धित संस्थामा काम गर्न नचाहेमा संस्थानले त्यस्ता कर्मचारीलाई संस्थानको अन्य काममा लगाउन वा तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिम उपदान दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

५घ२ दफा ५ख. बमोजिम संस्थानले सञ्चालन र व्यवस्थापन गरिरहेको संस्थानको कुनै सेवा प्रणाली कुनै संस्थालाई हस्तान्तरण भएकोमा त्यस्तो सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारीलाई त्यसरी सेवा प्रणाली हस्तान्तरण गरिलिने संस्थामा खटाउन सकिनेछ ।

तर सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारीलाई सेवा प्रणाली हस्तान्तरण गरिलिने संस्थाले लिन नचाहेमा वा संस्थानका कर्मचारीले त्यस्तो संस्थामा काम गर्न नचाहेमा संस्थानले त्यस्ता कर्मचारीलाई संस्थानको अन्य काममा लगाउन वा तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिमको सुविधा दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

५घ३ उपदफा ५घ२ बमोजिम खटिएका कर्मचारीको सेवाका शर्त तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी खटिएका कर्मचारीको पारिश्रमिक तथा सुविधा संस्थानले खटाउँदाका बखत उपलब्ध गराइरहेको पारिश्रमिक तथा सुविधाभन्दा कम हुने छैन ।"

७. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को उपदफा ६.१ मा रहेका "निर्धारण गरी" भन्ने शब्दहरु झिकिएका छन् ।

८. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को उपदफा ८.१ को सट्टा देहायको उपदफा ८.१ राखिएको छ :-

"८.१ संस्थानको काम, कारबाही, सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरु भएको सञ्चालक समिति गठन गरिएको छः-

८.१.१ श्री ५ को सरकारले तोकेको वा नियुक्ति गरेको व्यक्ति - अध्यक्ष

८.१.२ प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य

८.१.३ प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, (जनस्वास्थ्य हेर्ने) - सदस्य

८.१.४ संस्थानले सेवा पुऱ्याएका नगरपालिकाहरुमध्येबाट श्री ५ को सरकारले तोकेको दुइवटा नगरपालिकाका प्रमुख - सदस्य

८.१.५ उपभोक्ताको हितको संरक्षणमा संलग्न उपभोक्ताहरुको संस्थाहरुमध्येबाट श्री ५ को सरकारले तोकेको संस्थाको प्रतिनिधि एकजना - सदस्य

८.१.६ खानेपानी गुणस्तर सम्बन्धी विशेषज्ञहरुमध्येबाट श्री ५ को सरकारले तोकेको एकजना - सदस्य

८.१.७ पर्यावरण वा वातावरण संरक्षणमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | संलग्न संस्थाहरु मध्येबाट श्री ५ को सरकारले तोकेको एकजना | - सदस्य |
| ८.१.८ | महाप्रबन्धक, नेपाल खानेपानी संस्थान | -सदस्य सचिव" |

लालमोहर सदर मितिः- २०६२।१।५।२

आज्ञाले,
डा. कुल रत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।